नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**छात्रवृत्ति शाखा**
केशरमहल, काठमाडौं

scholarship.moest.gov.np &
www.moest.gov.np

प्रकाशित मितिः २०७६/०७/१८

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ बमोजिम ७५ प्रतिशत निशुल्क छात्रवृत्ति सिट कायम गरिएको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटनका लागि BSC Nursing, विषयको छात्रवृत्तिमा मनोनयन गर्न योग्यताक्रम कायम गर्ने प्रयोजनका लागि दरखास्त दिने बारेको अत्यन्त जरूरी सूचना ।

राष्ट्रिय चिकित्सा शिक्षा ऐन २०७५ बमोजिम ७५ प्रतिशत निशुल्क छात्रवृत्ति सिट कायम गरिएको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटनमा शैक्षिक वर्ष २०७६ का लागि **BSC Nursing** विषयको छात्रवृत्तिमा मनोनयन गर्न योग्यताक्रम कायम गर्नुपरेको हुँदा छात्रवृत्ति सम्बन्धी नियमावली (संशोधन सहित), २०६० बमोजिम देहायको योग्यता पूरा गरेका ईच्छुक नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ ।

(१) नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्तिमध्ये ५५ (पचपन्न) प्रतिशत स्थान खुला तर्फ हुनेछ । ४५ (पैंतालीस) प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदाय तथा व्यक्तिलाई आरक्षण गरी सो प्रतिशतलाई शत प्रतिशत कायम गरी देहायको प्रतिशतका आधारमा वितरण गरिनेछः

(क) आर्थिक वा सामाजिक रुपमा विपन्नका लागि २५ (पच्चीस) प्रतिशत मध्ये,

१. मधेशी समुदायका लागि २० (बीस) प्रतिशतः यो २० (बीस) प्रतिशत मध्ये मधेशी दलित समुदायलाई ३ (तीन) प्रतिशत र मधेसीका लागि १७ (सत्र) प्रतिशत

२. मुस्लिम समुदायका लागि २ (दुई) प्रतिशत

३. शहीद तथा वेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्ततीका लागि ३ (तीन) प्रतिशत

(ख) महिलाका लागि ३३ (तेत्तीस) प्रतिशत मध्ये,

१. दलित महिलाका लागि ३ (तीन) प्रतिशत

२. मुस्लिम महिलाका लागि २ (दुई) प्रतिशत

(ग) अपाङ्गका लागि २ (दुई) प्रतिशत,

(घ) जनजातिका लागि २७ (सत्ताइस) प्रतिशत

(ङ) दलितका लागि ९ (नौ) प्रतिशत,

(च) पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिका लागि ४ (चार) प्रतिशत ।

<u>**(२) दरखास्तका लागि तोकिएको न्यूनतम् योग्यताः**</u> BSC Nursing विषयमा योग्यताक्रम कायम गर्नका लागि सोही विषयमा प्रतिष्ठानले वि सं २०७६ मा सञ्चालन गरेको प्रवेश परीक्षामा न्यूनतम् पचास प्रतिसत अंक ल्याई उत्तीर्ण गरेको हुनुपर्ने छ । आरक्षण तर्फ दरखास्त गर्नेले सो सम्बन्धी तोकिएका कागजात अनिवार्य रूपमा दरखास्त साथ अपलोड गर्नुपर्ने छ ।

**(३) दरखास्तको म्याद तथा माध्यम सम्बन्धी व्यवस्थाः** मिति २०७६।०७।१८ गतेदेखि मिति २०७६।०८।०२ सम्म शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट scholarship.moest.gov.np वा www.moest.gov.np मा अनलाइन मार्फत दरखास्त पेश गर्नुपर्ने छ ।

(४) योग्यताक्रम कायम गर्दा छात्रवृत्ति सम्बन्धी नियमावली (संशोधन सहित), २०६० को नियम १४ को उपनियम (१) बमोजिम सोही प्रतिष्ठानबाट सोही प्रयोजनका लागि लिइएको लिखित परीक्षाको आधारमा कायम गरिएको योग्यताक्रमलाई आधार मानी मन्त्रालयको योग्यताक्रम कायम गरिने छ ।

**(५) राजश्व सम्बन्धी व्यबस्थाः** दरखास्त दिने विद्यार्थीले आफूलाई पायक पर्ने स्थानमा रहेका राष्ट्रिय बाणिज्य बैङ्कको कार्यालयबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कोड नं. ३५०००३५०१ र राजस्व खाता नं १४२२९ मा राजश्व वापतको रकम रू. १०००।-(एक हजार) जम्मा गरी सोको स्क्यान प्रति दरखास्त साथ अपलोड गर्नु पर्ने छ ।

**(६) आवेदन दिन सकिने समूह तथा आवश्यक कागजातहरुः**

**(क)साधारण समूह(General Group):** यस समूहमा आवेदन गर्ने उम्मेदवारले तल उल्लेखित (नं १ देखि ३ सम्म) कागजातहरूको स्क्यान प्रति आवेदनसाथ अपलोड गर्नु पर्ने छ र रुजु गर्न आउँदा अनिवार्य सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्नेछः

(१) दरखास्त पेश गर्न चाहेको विषय अध्ययनका लागि सम्बन्धित विश्वविद्यालय तथा प्रतिष्ठानले तोके बमोजिमको १०+ २ वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Original/Provisional Certificate को प्रतिलिपी, नेपाल बाहिरको बोर्ड भए सम्बन्धित बोर्डबाट जारी गरिएको मार्कसिटका साथ Pass Certificate/degree awarded certificate/Provisional certificate/Migration Certificate र समकक्षता निर्धारण भएको प्रमाणपत्रको प्रतिलिपि,

(२) SLC/SEE को Marksheet र Original Certicates को प्रतिलिपि,

(३) नेपाली नागरिकताको प्रतिलिपि, नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रमा नाम, थर, जन्ममिति फरक भएमा एउटै व्यक्ति भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

**(ख)सामुदायिक विद्यालय तर्फको आरक्षण समूह** (Community School Group)**:** यस समूहमा आवेदन गरेका उम्मेदवारले माथि साधारण समूह (General Group) का लागि तोकिएको कागजात (**क** को १ देखि ३) साथै थप निम्न कागजातहरू समेतको स्क्यान प्रति दरखास्त साथ अपलोड

(२) सम्बन्धित स्थानीय तहले विपन्नताको कारण खुलाई छात्रबृत्ति सम्बन्धि नियमावली २०६० को अनुसूचि १ (ख) अनुरुपको ढाँचामा मिति २०७६ कार्तिक १८ गते पछि २०७६ मङसिर ०२ गते सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र,

(३) आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी देहायका निकायको सिफारिस पत्रः

**मधेशीः** मधेशी समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,

**मधेशी दलितः** मधेशी दलित समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र र मधेशी समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र), वा स्थानीय तहको पत्र

**मुस्लिमः** मुस्लिम समुदायको व्यक्ति भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,

**शहीद तथा वेपत्ता पारिएका व्यक्तिको परिवार तथा घाईते वा निजको सन्ततीः** गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र वा परिचय पत्र र नाता प्रमाणित पत्र,

**महिलाः** सम्बन्धित स्थानीय तहबाट दिइएको विपन्नताको सिफारिस पत्र र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ वा सम्बन्धित स्थानीय तहबाट दिइएको सामुदायिक (सरकारी) विद्यालय सम्बन्धी पत्र,

**दलित महिलाः** दलित समुदायको महिला भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र), वा स्थानीय तहको सिफारिस

**मुस्लिम महिलाः** मुस्लिम समुदायको महिला भएको व्यहोरा उल्लेख भएको सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र,

**अपाङ्गः** राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा अपाङ्ग परिचय पत्रका साथै दर्तावाल चिकित्सकबाट निज चिकित्सा विषय अध्ययन गर्न सक्षम छ भनी लेखिएको सिफारिस पत्र,

**जनजातिः** आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा जनजाति परिचय पत्र (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट सूचिकृत जाति मात्र ),

**दलितः** सम्बन्धित जिल्ला प्रशासन कार्यालयको पत्र वा राष्ट्रिय दलित आयोगको पत्र वा दलित परिचय पत्र (राष्ट्रिय दलित आयोगबाट सूचिकृत जाति मात्र), वा स्थानीय तहको सिफारिस पत्र,

**पिछडिएको दुर्गम क्षेत्रको व्यक्तिः** सम्बन्धित स्थानीय तहबाट निजले दरखास्त दिंदाको बखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको भनी प्रमाणित गरेको पत्र (अछाम, बाजुरा, बझाङ, जुम्ला, हुम्ला, मुगु, डोल्पा, कालिकोट र जाजरकोट )

(ग) **अन्य विद्यालय तर्फको आरक्षण समूह (**Other School Group): सामुदायिक विद्यालयबाट एस. एल. सी./ एसइइ नगरेका तर आरक्षणका लागि आवेदन दिन इच्छुक तोकिएका वर्गका व्यक्तिहरूले पनि आरक्षणका लागि दरखास्त दिन सक्ने छन् । सामुदायिक विद्यालय तर्फबाट आवेदन गरेका उम्मेदवार तोकिएको कोटा संख्यामा अपुग भएमा मात्र छात्रवृत्ति सम्बन्धी नियमावली २०६०(संशोधनसहित) को नियम १०(क) बमोजिम अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तिर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गराइने छ । यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरूले माथि साधारण समूह (General Group)का लागि तोकिएको कागजातहरूका साथै आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी माथि बुंदा नं ६ (ख) को ३ अनुसारको सिफारिस पत्रको स्क्यान प्रति अपलोड गर्नु पर्नेछ ।

(७) पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले सञ्चालन गरेको प्रवेश परीक्षामा कम्तिमा ५० प्रतिशत अंक प्राप्त गर्ने उम्मेदवारहरूले यस सूचना बमोजिम दरखास्त पेश गरेका मध्येबाट उक्त प्रवेश परीक्षामा प्राप्त गरेका योग्यता क्रमका आधारमा नै नियमानुसार मन्त्रालयको साधारण तथा आरक्षण समूह तर्फ योग्यताक्रम कायम गरिनेछ ।

(८) मन्त्रालयले नियमानुसार कायम गरेको योग्यताक्रमको संक्षिप्त सूचना गोरखापत्रमा र विस्तृत सूचना मन्त्रालयको वेभसाइटमा प्रकाशन गर्ने छ ।

नोट १: आरक्षण समूहका लागि पेश गर्नु पर्ने कागजातहरू अनलाइन फाराममा अपलोड नगरेमा निजको आवेदन आरक्षण समूह तर्फ अस्वीकृत भई साधारण समूह तर्फ कायम हुनेछ । साथै आरक्षण तर्फ आवेदन दिई दरखास्त स्वीकृत भएका सबै उम्मेदवारहरूलाई स्वतः साधारण समूहको सूचीमा समेत समाबेश गरिनेछ ।

नोट २: माथि उल्लेख गरिएका कागजातहरू अनिवार्य रुपमा Online application गर्दा अपलोड गरिएको हुनु पर्नेछ । माग गरिएका तथा तोकिएका कागजातहरू अनलाइन मै जाँच हुने छ र दुरुस्त नपाइएमा वा ढाँटेको पाइएमा योग्यता सूचीमा सूचिकृत हुनु अघि र पछि पनि अस्वीकृत हुने वा योग्यता क्रम निर्धारण भएको भए स्वतः अस्वीकृत हुने छ ।

नोट ३: अनलाइन फारम भेरेर रजिष्ट्रेशन कोड प्राप्त गरेका उम्मेदवारहरूको रजिष्ट्रेशन सुनिश्चित भएको निस्सा जाँच गरिसकेपछि सम्बन्धित उम्मेदवारकै इमेलमा पठाइने छ ।